# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका | वर्ष १० | अङ्क ५ | पुष २०६७


## “बचपनमा म बाट भएको ठूलो गल्ती”

**– वसन्त कुँवर**

केटाकेटीमा मेरो गाँउमा काकाहरू गुलेलीले चरामार्ने गर्दथे। उनीहरूको उमेर अठार-उन्नाईसको हुँदो हो। मेरो उमेर करिब दश वर्षको थियो। काकाहरूले घाँटीमा गुलेली झुन्डाएका हुन्थे। त्यो देख्दा म खुबै उत्साहित हुन्थेँ। मलाई पनि त्यस्तै गुलेली घाँटीमा झुण्ड्याउने रहर हुन्थ्यो। समय बित्दै गयो। म गुलेली प्रति उत्साहित हुँदै गएँ। जब जब काकाहरू बारीका डिल वा वरीपरीका जंगल तिर गुलेलीले चरा मार्न जान्थे त्यतिखेर म पनि पछि पछि लाग्थेँ। सुरु सुरुमा त उनीहरूले मलाई पछिपछि आउन दिएनन् तर जब मैले झोलामा उनीहरूका लागि चाहिने गुलेलीको ढुङ्गा बोकी दिन थालेँ त्यसपछि भने उनीहरूले मलाई स्वीकार गरे र पछिपछि हिड्न अनुमति दिन थाले।

मेरो आफ्नै काका कहिल्यै पनि चरा-चुरुङ्गी मार्नु हुन्थेन। हजुर आमा माछा मासु नखाने धर्मात्मा खालको हुनुहुन्थ्यो। म पछि लाग्ने काका नाताले तेह्र दिने दाजुभाईका थिए। उनको नाम पशुपति थियो। हामी वहाँलाई पशुपति कान्छुबुवा भन्थ्यौं। पशुपति कान्छुबुवालाई शिकारको औधि सौख थियो। म पनि केटाकेटी देखि वहाँको त्यो सौखको प्रशंसक भएँ।

स्कुलबाट फर्किए पछि वा जाडोको छुट्टीमा जब म फुर्सदमा हुन्थे तब कहिले ति काका घरबाट गुलेली लिएर बाहिर निस्केलान् र म तिनको पछिपछि हिडौंला भनेर उनको घर बाहिर कुरी रहन्थे। उनका लागि म खोलामा गएर गोला-गोला ठिक्क ठिक्कका ढुङ्गा पनि खोजेर ल्याउँथे।। मेरो कमिजका बगलीहरू ति ढुङ्गाले प्वाल पार्ने गर्दथे। जब-जब कतै चरा देखिन्थ्यो म काकालाई देखाई हाल्दथे। र निक्कै ठूलो काम गरेको महशुस गर्दथेँ।। कतै चरा देखिएपछि काका शिकारी चालमा लुक्दै लुक्दै त्यस तर्फ जानुहुन्थ्यो भने म चाही सास रोकेर मकै, कोदोको बोट वा झाडीमा लुकेर त्यो चरालाई उत्सुक्तावश हेरीरहको हुन्थें। धेरै चरा भएको अवस्थामा भने काकाले कुन चरालाई हान्ने हुन् भनेर म टाढैबाट अनुमान लगाई बस्दथेँ। चरालाई गुलेलीको ढुङ्गाले लागेमा फुरुरु गर्दै भुत्लाहरू उड्ने गर्दथे। त्यस्तो देखेपछि चरा धाइते भयो भन्दै म चरा उडेतिर आकाशमा हेर्दै भूँइमै नहेरी पछि पछि लाग्थेँ। कहिले त यसै क्रममा घन्टौं सम्म दौड्दा कता कता पुग्ने गर्दथेँ।

पशुपति काकाको सङ्गत र सिकोले म पनि सानैदेखि गुलेली बोक्ने भएँ। मेरै







उमेरको दाई पर्ने दिपक पनि पछि मेरो चरा मार्ने साथी बने। बिस्तारै-बिस्तारै गाँउमा हामीहरू गुलेली हान्ने केटाहरूमा परिचित भयौं। कसैको धूरीमा ढुङ्गा बज्रिए देख्दै नदेखे पनि हाम्रै काम हो भनेर मान्छेहरूले हामीलाई सराप्न थाले। चरा मार्न जाँदा हामीलाई दिन गएको पत्तो हुन्थेन। बेलुकी घर फर्कदा हजुर आमाले उ व्याधा आयो भनेर मलाई सुनाउनु हुन्थ्यो। हजुरआमा चाहनु हन्थ्यो कि म त्यो काम नगरौं तर मलाई भने त्यस काममा खुब सन्तुष्टि मिलेको अनुभव हुन्थ्यो। हजुरआमाको कुरो म एक कानबाट सुन्थे। र अर्को कानबाट उडाई दिन्थे।। धेरै वर्ष शिकार मेरो सौख बनि रहयो। सैयौं हजारौं चराहरूले मेरा कारणले प्राण गुमाए होलान् वा घाइते भए होलान्। कतै चरा देख्ने बित्तिकै म एकछिन् अडेर त्यसलाई हेर्थे। र आफुसँग गुलेली वा बन्दुक साथमा नभएको अवस्था भएमा पछुतो पनि गर्दथें।

म केटाकेटी हुँदा गाउँमा जताततै चराहरू हुने गर्दथे। प्रत्येक मकैका जमरामा जुरेलीहरू झुण्डीएका हुन्थे। बगैंचाका रुखभरी ढुकुरहरू देखिन्थे। फाँटभरी परेवा हुन्थे। जाडोमा कोकले र चाँचर भन्ने चराहरू आउँथे। बेलुकी बास बस्ने बेलामा बाँसघारी सारुङ्गको हल्लाले कहाली लाग्दो बन्थ्यो। भङ्गेराहरू अत्यधिक थिए। कहिले काँही पहेलो रातो रङ्गका रानी चरी भन्ने चरा पनि खोई कताबाट हो आई पुग्थ्यो। भद्राई, फिस्टो भन्ने चराहरू पनि प्रशस्त थिए। धेरै चराहरूको आकृति अझै मेरो दिमागमा छ तर नाम भने बिर्सिएको छु। त्यस बखत मेरो गाँउमा पाइने यस्ता कुनै जातिका चराहरू थिएनन् होला जसलाई मैले घात नलगाएको हूँ।

जब म ठूलो भए बन्दुकले चरा मार्न थाले। करीब दश वर्ष अघि म आफ्नो बचपन बितेको साङला गाँउमा जाँदा एक पटक मैले बचपनमा गुलेली हान्ने ति ठाँउहरू भ्रमण गरें। तर मलाई आश्चार्य लाग्यो कि त्यहाँ पहिलेको जस्तो चराहरू थिएनन्। बिल्कुलै सुनसान लाग्यो मलाई त्यो गाँउ चराहरूको हिसाबले। म यताउति खुब चहाँरे तर बास्तवमै फाट्टफुट्ट मात्र चराहरू देखिए। मलाई त्यसदिन महसुस भयो कि वास्तवमै यस गाँउमा चराहरू लोप हुँदै जाँदै रहेछन्। त्यस दिन मैले दुई समूह केटाकेटी पनि देखें जो गुलेली बोकेर चरा खोज्दै थिए। मलाई आफ्नो बचपन याद आयो मैले ति केटाकेटी लाई सोधें "चराहरू कति छन् आजकाल ?" ति मध्ये एकजनाले भने "चराहरू सिद्धिई सके दाई।"

"चराहरू सिद्दीसके" भन्ने शब्दले मलाई मनमा चसक्क छोयो। मलाई लाग्यो यी चराहरू सिध्याउन इतिहासमा म पनि जिम्मेवार छु। मैले पशुपति काकाबाट चरा मार्न सिकें र म पछि मेरो सिको गर्दै अरु केटाकेटीहरूले गुलेली बोकेछन्। हामीले सिकाएकै बाटोमा शायद म पछिका धेरै केटाकेटी लागेको हुनुपर्छ। बास्तवमा ति साना साना चराहरूले मेरो केही बिगारेका थिएनन् तर मैले तिनको ज्यान लिएँ। चरा सृजना गर्न सक्ने क्षमता ममा थिएन भने त्यस्को नास गर्ने अधिकार पनि मलाई हुन्थेन तर मैले यो कुरा त्यसबखत बुझ्न सकिन। त्यस दिन मेरो जन्मथलोमा चराहरू खतम भएको देख्दा मैले आफैलाई ठूलो दोषी पाएँ। अहिले मलाई लाग्छ म जस्तै गरी नेपालमा थुप्रै व्यक्तिहरू हुनुहोला जस्ले चराचुरुङ्गी जनावरको हत्या गरेको हुनुपर्छ। वास्तवमै यस्ता काम गरेर गल्ती गरेको छौं भनेर बुझ्न हामीले धेरै समय लगाउन नहुने रहेछ।

एल. रौन हवर्ड भन्ने दार्शनिकले लेख्नु भएको छ हाम्रो जीवन बचाउन चराचुरुङ्गी प्रकृति र हरेक जीवको पनि उत्तिकै भूमिका हुने गर्दछ। पहिला पहिला म सोच्ने गर्दथें कि म बाँच्न मै मात्र भए पुग्छ वा मेरो परिवार मात्र भए पुग्छ तर त्यो सत्य होइन रहेछ। प्रकृति सबैको घर रहेछ। सबैलाई यहाँ बाँच्न एक अर्काको सहयोग चाहिने रहेछ। म बाँच्न चराचुरुङ्गी र जीवजन्तु पनि बाँच्नु पर्ने रहेछ। यो कुरा केटाकेटीमा मैले गाउँमा बुझ्न सकिन र म बाट गल्ती हुन गयो।

यो कुरा मैले धेरै ढिलो बुझें। अहिले ढिलै भएपनि चरा प्रतिको मेरो दृष्टिकोण बदलिएको छ। हालै नार्कोनन् उपचार केन्द्रमा रहेको बेगम वेलीको फुलको रुखमा एक ढुकुरले गुँड लगायो। उसको गुँड हातैले भेट्न सकिन्थ्यो। नजिकै हातले भ्याउने हागाँमा फुललाई ओथारो दिन बसेको ढुकुर देखेपछि यहाँका कर्मचारी तथा विद्यार्थीहरूलाई त्यस चरालाई मार्न मन लागेछ। मैले त्यो कुरा थाहा पाए र बडो संवेदनशील भइ त्यसको रक्षा गरें। म नजिक जाँदा पनि माउ ढुकुर गुँडबाट उड्थेन । उसको गुँडमा म खानेकुरा पनि राखिदिन्थे। शायद उस्ले पनि म मा आएको परिवर्तन बुझेको हुनुपर्छ नत्र पहिले पहिले मलाई देख्ने बित्तिकै चराहरू उड्ने गर्दथे तर ऊ उडेन। धेरै दिन नजिक हुँदा मैले त्यो ढुकुरलाई खुब हेरें। त्यसका हरेक अङ्ग सुन्दर थिए। आँखाहरू माया लाग्दा थिए। जङ्गल सकिएकोले ति साना फूलका बोटहरूमा पनि गुँड लगाउन बाध्य भएका हुनुपर्छ। जुन दिन उस्ले आफ्ना बच्चाहरूलाई वेगमबली फूलको रुखबाट हुर्काएर उडायो त्यो दिन म खुबै खुशी भएँ। वास्तवमा ढुकुर मार्दाको क्षण भन्दा हुर्काउँदाको क्षण मेरो लागि धेरै मिठो थियो।

भर्खरको कुरो हो एकदिन मेरो घरका छिमेकी पूर्व रेडियो समाचार बाचीका कृष्णा ताम्राकारले मलाई चराचुरुङ्गी रक्षा गर्ने एक संस्थाको आजीवन सदस्य बन्न आग्रह गर्नु भयो। म झस्कें।। मलाई वहाँले चिनेरै यो प्रस्ताव राखे झैं महशुस भयो। जसले अनगिन्ती चराचुरुङ्गीको ज्यान लिएको छ त्यसलाई चरा संरक्षणको सदस्य बनाइनु आफैमा अचम्मको कुरो थियो। त्यसै क्षण मैले निर्णय गरें शायद मैले बचपनमा चराहरू मारेर गरेको पापहरूको प्रायश्चीत गर्न भगवान्ले कृष्णा ताम्राकार मार्फत् मलाई यो मौका दिइरहनु भएको हुनु पर्दछ। मैले त्यो प्रस्ताव सहर्ष स्वीकार गरी त्यो संस्थाको आजीवन सदस्य बनें। आफूले बिगतमा गरेका गल्तीहरू कृष्ण ताम्राकार ज्यूको रेडियो कार्यक्रममा स्वीकार गरी सार्वजनिक रुपमै क्षमा पनि मागें। अब मेरा बाँकी जीवनमा म चराहरूको रक्षा गर्न नसके पनि हानी भने गर्ने छैन। बचपनमा मैले प्राण लिएका, घाइते तुल्याएका चरा चुरुङ्गी र जीव जन्तुसँग म माफी माग्न चाहन्छु। अहिले म हरेक चराहरूलाई नियालेर हेर्दछु बास्तवमै ति अति सुन्दर छन्। मलाई लाग्छ हरेक गाउँ गाउँमा गुलेली र बन्दुक लिएर तिनलाई मार्न जानेहरूलाई सम्झाएर रोक्ने समय अब आएको छ। मलाई यो कुरा बचपनमा कसैले राम्ररी सम्झाएनन् त्यसैले म बाट ठूलो गल्ती भयो।

***– कार्यकारी निर्देशक***
***नार्कोनन नेपाल***







# विश्वव्यापी जैविक विविधता संरक्षणमा एक ऐतिहासिक निर्णयः नागोया वडापत्र

– डा. हुम गुरुङ

यही १८ देखि २९ अक्टोबर २०१० मा विभिन्न देशका टोलीहरूको महासभा जैविक विविधता सम्बन्धी सम्मेलन जापानको नागोया शहरमा आयाजना गरियो। यस महासभामा जैविक विविधताको दिगो प्रयोग तथा संरक्षणका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा अन्तर्राष्ट्रिय जगतको ध्यानाकर्षण गरियो। यसका साथै विश्वको प्राकृतिक स्रोतहरूको समान रुपमा उपभोग गर्न पाउने विषयमा परिचर्चा गरिएको थियो। एक सय त्रियानब्बे देशको सहभागिता रहेको सो सम्मेलनमा संसारभरका सरकारी प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, वैज्ञानिकहरू, आदिवासी समुदायका प्रतिनिधिहरू विभिन्न व्यवसायमा लागेका व्यवसायी समुदाय तथा यसप्रति लगाव राख्ने समुदाय गरेर करिब १८,००० को सहभागिता रहेको थियो। यस महासभामा जैविक विविधतामा देखिएका सबै प्रकारका खतराहरू तथा जीव परिवृत्ति पद्दति लगायत जलवायु परिवर्तनको त्रासलाई जोडदार रुपमा उठाइएको थियो। यी कुराहरूलाई वैज्ञानिक तवरले मूल्याङ्कन तथा विभिन्न उपकरणहरूको विकास गरी क्षतिपूर्ति तथा प्रविधि, विशिष्ट कार्य तथा तकनीकीहरूको एवं यससँग सम्बन्धित समुदायहरूलाई पूर्ण रुपले सहभागी गराउने विषयमा समेत व्यापक छलफल भएको थियो जुन माथि उल्लेखित कुरालाई अवनरत रुपमा प्रत्येक पुस्तामा हस्तान्तरण गर्न सकियोस्।

यो महासभामा तीन वटा अन्तर सम्बन्धित उद्देश्य प्राप्त गर्न ऐतिहासिक रुपमा सफल भएको छ। जुन यस प्रकार हुन्ः

- नयाँ दशवर्षे कार्य योजना लक्ष्य २०२० लाई स्वीकृत गरियो, जसद्वारा जैविक विविधतालाई जोगाइ राख्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगलाई निर्देशित गर्ने। यसका साथ यस महासभाका महान उद्देश्य पूरा गर्न विविध कार्यक्रमहरू गर्ने।
- स्रोत परिचालन योजना जसले जैविक विविधताको संरक्षण तथा वर्तमान परिस्थितिलाई कार्यगत रुपमा विकास गर्न सहयोगीका रुपमा समर्थन गर्ने।
- प्राकृतिक रुपमा पैदावर स्रोतको प्रयोग तथा यसको लाभ सबैमा समानरुपले पुऱ्याउन नव अन्तर्राष्ट्रिय वडापत्र जारी गर्ने।

यस महासभामा राष्ट्रिय टोलीहरूको सहयोगमा बर्ड लाइफ इन्टरनेशनलका ९५ प्रतिनिधिहरूको सहभागिता रहेको थियो। नागोयामा आयोजित यस सम्मेलनमा यस संस्थाका सहभागीले पाँचवटा अत्यन्त नाजुक बुँदालाई जसरी पनि पूरा गर्नुपर्ने भनि  उठाएका थिए। विभिन्न प्रकारका छलफलहरू पश्चात् यसले उठाएका बुँदाहरूमा सम्बन्धित सरकारहरूसँग सहमति कायम गर्दै नागोयामा आयोजित यस महासभामा अन्तर्राष्ट्रिय संरक्षणका उद्देश्यहरू परिपूर्ति गर्न सकिने वातावरण तय भएको छ। आयोजक राष्ट्रको सरकारले यस प्रकारको वातावरण सिर्जना गरेको र यस सभालाई सफलतामा पुऱ्याएकोमा सराहना गर्नुपर्दछ। यसमा सहभागी सबै देशका संरक्षण अभियानमा लागेका संरक्षणकर्ताहरूलाई नव सन्देश तथा आशा जगाएकोमा पनि यो महासभा अत्यन्त सफल रहेको मान्न सकिन्छ। यसै सभाका माध्यमबाट यी संरक्षणकर्ताहरू उनीहरूका देशमा जैविक विविधता संरक्षणमा अझ बढी सक्रिय रहने आशा पनि जगाएको छ।

विविध लक्ष्यहरू कायम गरिएको यस महासभामा सबै देशका सरकारका प्रतिनिधिहरू निम्न लिखित बुँदाहरूमा सहमत रहेको उल्लेख छ।







- वर्तमान समयमा देखिएको प्राकृतिक सम्पदाको बिनाशलाई कम्तिमा आधा गर्ने वा सकेसम्म कुनै प्रकारको विनाश हुनै नदिने यसमा वन बिनाश समेत समाविष्ट छ।
- संरक्षण तथा पुनर्स्थापना गरि मासिएका विभिन्न प्राकृतिक क्षेत्रलाई १५ प्रतिशतमा पुऱ्याउने।
- जलीय तथा तटीय क्षेत्रलाई दश प्रतिशतमा र स्थानीय र पानी रहेका स्थल क्षेत्र (सिमसार) लाई १७ प्रतिशतमा कायम गर्ने।
- सामुद्रिक चट्टान वा सिपीहरूले बहन गरिरहेको चापलाई घटाउन विशेष पहल गर्ने।

यस महासभामा प्राप्त गरिएका विविध प्राप्तिहरूमध्ये नागोया वडापत्र एक हो जसमा प्राकृतिक पैदावर वा स्रोतको स्वच्छ तथा समान रुपमा प्रयोग गर्न पाउने हो। परम्परागत रुपमा रहेका मान्यताहरूलाई पनि आत्मसात गर्दै यस्ता स्रोतहरूको समान रुपमा लाभ लिन सक्ने तथा जैविक विविधताको संरक्षण गर्दै यस ऐतिहासिक सम्झौताले यौटा रुपरेखा प्राप्त गरेको छ।

हामी पूर्ण रुपले जैविक विविधता संरक्षणमा नलागे र अत्यन्त निम्न वर्गका समुदाय जो यसैमा जीवन निर्वाह गर्न बाध्य छन्, त्यसलाई सहयोग नगरे (जैविक विविधता संरक्षण माध्यमबाट) यस प्रकारका सभा सम्मेलनको कुनै तात्पर्य रहँदैन। सामुदायिक सहभागिताका रुपमा जैविक विविधता संरक्षणमा कार्य नगरेमा यस प्रकारका अन्तर्राष्ट्रिय वडा पत्र वा सम्झौता खाली कोरा साबित हुनेछन्। बर्ड लाइफ इन्टरनेशनल जो विश्वका ११० वटा भन्दा देशमा फैलिएको छ। त्यसले धेरै परिवर्तनहरू ल्याउने छ किनकि यससँग सम्बन्धित संस्थाहरू ती देशका सरकारसँग समन्वय गरी संरक्षणका गतिविधिहरू संचालन गर्दै आइरहेका छन्। स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय रुपमा विशिष्ट प्रकारको जैविक विविधता संरक्षणका लागि प्राप्त अवसरलाई सदुपयोग गरिनु पर्दछ। लक्ष्य २०२० का लागि जैविक विविधता संरक्षण एवं दिगो विकासका लागि कार्य गर्न यो समुचित अवसर हो। त्यसैले हामीले आजैदेखि प्राकृतिक सम्पदा संरक्षण तथा जलवायु परिवर्तनको असर कम गर्न कदम चाल्नुपर्ने देखिन्छ। यस महासभाको आशय पनि यही नै हो।

***– प्रमुख कार्यकारी अधिकृत***
***नेपाल पन्छी संरक्षण संघ***


'चरालाई चार' अभियानमा सहकार्य गरौं।

a BCN initiative to save Nepal's endangered birds.

PLEDGE AND DONATE TODAY





*अवश्य सुन्नुहोस्।*

**पन्छी संसार**

**ईमेज एफ.एम. ९७.९ मा बिहान ७.४५ बजे**

**नेपाली महिनाको दोस्रो तथा चौथो शनिवार**


# राखौं हाम्रो साख ।

मलेखुको वारीपारी छङ् छङ् गर्ने खोला
यही निर धेरै चरा बास बस्छन् होला
यही खोलाको छेउमा हेर हिउँद काट्ने गरी
आएको छ दुर्लभ पन्छी चरा तिलहरी।

ठूला – ठूला खरबारी नासिंदै छन् आज
मानव छ विनाशमा छैन कुनै लाज
दुर्लभ छ देखिँदैन आजभोलि प्रचुर
ऐनद्वारा संरक्षित पन्छी खरमुजुर।

हिमालमा मात्र होइन, तराईमा पनि
सुनीकन जान्न पाइन, सूचित हुने अनि
चरा बस्ने धेरै ठाउँ लहराले ढाक्यो
गाउँदैनन् गीत किन पन्छी काफल पाक्यो।

वन विनाश गरीकन धन आर्जन गर्ने
वन्यजन्तु विनाश र चोरी शिकार गर्ने
लक्ष्मीको त्यो वाहन हो पन्छी हाप्सिलो
धेरै मानिस यसलाई भन्छनर घाँसे लाटोकोसेरो।

विश्वमानै दुर्लभ छ पन्छी वन चाहा
फाइदा पनि दिन्छन् चरा पाइराखौं थाहा
कक्ष भूमि, नदी, तथा तालका छेउछाउ
संरक्षणमा लागौं आजै वासस्थान जोगाउँ



कालो गरुड, डाँफे, मुनाल, चीर जस्ता चरा
राजधनेश, सारसलाई भन्न् कठैबरा
लागेका छन् मानव नै विनाश गर्न आज
प्रकृतिलाई जोगाएर राखौं हाम्रो साख।

**–भेषराज घिमिरे**
– काठमाडौं।





# समाचार संक्षेप

## सदस्यता

नेपालका पंछीका प्रमुख वासस्थान मध्ये सबैभन्दा ठूलो अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत मुस्ताङ जिल्लावासी, भूतपूर्व मन्त्री श्री कृष्ण थकालीले यस संघको आजीवन सदस्यता लिनु भएको छ। पन्छी तथा जैविक विविधतामा वहाँको विशेष रुचि रहेको छ।

श्री वसन्त राज कुँवर यस संघमा आजीवन सदस्यका रुपमा आबद्ध हुनु भएको छ। वहाँ पन्छीहरूको संरक्षणमा लागिरहनु भएको छ।

यस संघमा पशु चिकित्सक (भेटनरी डाक्टर) का रुपमा कार्यरत डा. सागर पौडेल यस संघमा आजीवन सदस्यका रुपमा पनि आबद्ध हुनुभएको छ।

यसरी आजीवन सदस्यता लिने उल्लेखित महानुभाव तथा यसै अवधिमा साधारण सदस्यता लिने अन्य महानुभावहरूलाई पनि यो संघ हार्दिक स्वागत गर्दछ।



चराको सर्वे गर्दै विद्यार्थी र गिद्ध संरक्षण कार्यक्रमका कर्मचारी

## दाङ्ग जिल्ला – डाइक्लोफेनेक रहित क्षेत्र

यही २६ नोभेम्वर २०१० का दिन यस जिल्लालाई पशुलाई प्रयोग गर्ने डाइक्लोफेनेक रहित जिल्ला भएको घोषणा गरिएको छ। सो कार्यक्रम श्री उत्तम बहादुर थापाको सभापतित्वमा भएको थियो। सो सभाको प्रमुख अतिथिका रुपमा संविधान सभामा प्राकृतिक स्रोत समिति सभापति माननीय शान्ता चौधरी हुनु हुन्थ्यो। सोही सभामा विशेष अतिथि सो जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम ढकाल, तथा अन्य अतिथिमा जिल्ला वन अधिकृत श्री किशोर चन्द्र गौतम, नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण अधिकृत श्री आनन्द चौधरी लगायत सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधि एवं विभिन्न राजनैतिक दलका प्रतिनिधिको समेत गरी करिब ९० जनाको उपस्थिति रहेको थियो। प्रमुख अतिथिले सो क्षेत्र डाइक्लोफेनेक रहित हो भन्ने पत्रमा हस्ताक्षर गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।



कार्यक्रमका सहभागिहरू

## नवलपरासीमा चराको सर्भे

चराहरूलाई हुने खतराको रुपमा रहेको विद्युतीय तारका कारण हुने पन्छी मृत्युको प्रारम्भिक सात दिने सर्भेको आयोजना गरियो। सो सर्भे नवलपरासी जिल्लाका ३२८ विद्युतीय खम्बाहरूमा आयोजना गरिएको थियो। यसै सर्भेमा दाउन्ने-बर्दघाट क्षेत्र अन्तर्गत बर्दघाट भन्दा २ कि.मी. पूर्वपट्टिको क्षेत्रमा यही १४ नोभेम्वर २०१० का दिन यौटा लघु महाचील मृत अवस्थामा विद्युतीय तारमा झुन्डिरहेको पाइएको थियो। ९९ कि.मी. को यस नवलपरासी सर्भेमा विभिन्न स्थानमा ५ वटा कागहरू पनि मृत अवस्थामा फेला परेका थिए जुन विद्युतीय तारहरूका कारणले भएका थिए। यस सर्भेले धेरै विद्युतका तार संयोजन हुने ठाउँमा, धातुका खम्बाहरू तथा धेरै नजिक राखिएका तारहरू पन्छीका लागि निकै जोखिमले भरिएका छन् भन्ने कुरा उजागर गरेको छ।



मृत अवस्थामा फेला पारिएको लघु महाचील

## नेपाल गिद्ध संरक्षण अभियान सञ्जालको स्थापना

गिद्ध सुरक्षित क्षेत्र अन्तर्गतका विभिन्न गतिविधिहरूलाई व्यापक रुपमा बिस्तार गर्नका लागि गिद्ध संरक्षण अभियान सञ्जाल नेपालको स्थापना गरिएको छ।

## 'नेपालमा चराहरूको स्थिति २०१०' का बारेमा राष्ट्रिय कार्यशाला गोष्ठी

यही २० डिसेम्बर २०१० का दिन नेपालका चराहरूको स्थितिका बारेमा गरिएको राष्ट्रियस्तरको कार्यशाला गोष्ठीको आवर्तन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री कृष्ण प्रसाद आचार्यले गर्नुभएको थियो। नेपालका चराहरूको स्थितिका बारेमा प्रकाशित पुस्तक “State of Nepal’s Birds 2004” लाई अद्यावधिक गरी २०१० संस्करण प्रकाशित गर्नका लागि सो कार्यशालाको आयोजना गरिएको हो।




*नेपालका चराहरूको स्थिति बारे जानकारी दिँदै श्री टिम इन्स्किप*

सो कार्यशालामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री कृष्ण प्रसाद आचार्यले भन्नुभयो - "२००४ मा प्रकाशित उल्लेखित पुस्तकमा १३३ पन्छी प्रजातिहरू राष्ट्रिय रुपमा दुर्लभताको सूचीमा सूचीकृत भइसकेका छन्। यस्ता दुर्लभ पन्छीका प्रजातिको सूची अझ बढ्न सक्ला तर हाम्रो राष्ट्रिय वन्यजन्तु संरक्षण ऐन १९७३ ले केवल ९ वटा पन्छी प्रजातिलाई मात्र संरक्षित गरेको छ। त्यसैले हामी सबै मिली अझ धेरै पन्छीलाई संरक्षित पन्छीका रुपमा सूचीकृत गर्न कार्य गर्नुपर्ने समय आइसकेको छ।" यसका साथै वहाँले हालै सो विभागले ७० प्रजातिका पन्छीलाई संरक्षित पन्छी प्रजातिको सूचीमा राख्न सिफारीस गरेको कुरा पनि अवगत गराउनु भएको थियो।

आज भन्दा करिब १४ वर्ष अगाडि १९९६ को शुरुमा "नेपालका दुर्लभ चराहरू" प्रकाशित भएको थियो। यसैको पुनरावलोकन तथा प्रवर्द्धित संस्करण "नेपालका चराहरूको स्थिति २००४" प्रकाशित भएको थियो। यी दुवै प्रकाशन राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग तथा नेपाल पन्छी संरक्षण संघले साझा रुपमा प्रकाशित गरेका थिए। यसले नेपाल सरकार पन्छी संरक्षण प्रति प्रतिबद्ध रहेको तथा यसका गतिविधिको समर्थक रहेको कुरा दर्शाउँदछ। यस प्रकारका प्रकाशनले नीति निर्माण गर्न, संरक्षणका कार्य गर्न तथा पन्छीको अध्ययनमा सन्दर्भ सामग्रीका रुपमा लिन निकै ठूलो भूमिका खेल्छ। हामीले नेपालमा यस प्रकारका प्रकाशनका सहायताले पन्छीको अध्ययन अनुसन्धानमा लागेका विभिन्न व्यक्तिहरू पन्छी तथा तिनको वासस्थान संरक्षणमा अझ व्यापक रुपमा लागिरहेको पाएका छौं जसको नेतृत्व यस नेपाल पन्छी संरक्षण संघले गरेको छ। पन्छी प्रति कार्य गर्ने अझ बढी संस्थाहरू समेत स्थापित गरिएका छन्। यति हुँदाहुँदै पनि बढ्दो शहरीकरण, मानव जनसंख्यामा बृद्धि, अनुचित खेती गर्ने तरिका तथा जलवायु परिवर्तन आदिका कारण अझ बढी पन्छीहरू दुर्लभ बन्दै गइरहेका छन्। जसले गर्दा पन्छी तथा तिनको वासस्थान संरक्षण गर्न अझ बढी कार्य गर्नुपर्ने देखिन्छ।

यस नेपालका चराहरूको वस्तुस्थिति २०१० ले पन्छीहरू दुर्लभ हुन वा लोपै भएर जान नदिन के कस्ता कार्यहरू गर्नुपर्ने हो भन्ने दिशा निर्देश गर्नुका साथै नेपालका पन्छीहरूको अवस्थाका बारेमा व्यापक जानकारी दिनेछ भन्ने कुरा यस संघका अध्यक्ष श्री श्रीराम सुवेदीले बताउनु भयो। वहाँले यस प्रकाशनले सर्वसाधारण तथा नीति निर्माणकर्तालाई नेपालका पन्छीको वास्तविक स्थितिका बारेमा जागरुक समेत गराउने कुरामा जोड दिनुभयो।

यस कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ प्रतिनिधिहरूको सहभागिता रहेको थियो। यसका साथै नेपालका विभिन्न क्षेत्रमा रहेर पन्छी संरक्षण तथा अध्ययन अनुसन्धानमा लागेका वरिष्ठ पन्छी विद्हरूको यस कार्यशालामा सहभागिता रहेको थियो। श्रीमती क्यारोल इन्स्किप, डा. हेम सागर बराल, श्री टिम इन्स्किप, तथा डा. हुम गुरुङले आइयूसीएनको श्रेणी, नेपालका चराहरूको वस्तुस्थिति २००४ बाट २०१० का बारेमा जानकारी, पन्छीहरूलाई खतरा तथा पन्छी संरक्षणका मुख्य मार्गहरूका बारेमा सहभागीहरूलाई जानकारी गराउनु भएको थियो। यस कार्यशालामा सहभागी सबै पन्छी विद्हरूको सुझाव तथा टिप्पणी संकलन गरिएको थियो।

## पारिस्थितिकीय (इकोसिस्टम) सेवा बारे राष्ट्रिय कार्यशाला

यही १८ नोभेम्बर २०१० मा पारिस्थितिकीय (इकोसिस्टम) सेवा बारे कार्यशाला काठमाडौंमा आयोजना गरियो। यसको अनावृत्ति वन तथा भू-संरक्षण मन्त्रालयका सह-सचिव डा. अन्नपूर्णानन्द दासले गर्नुभयो। यो कार्यशाला यस संघको डार्बिन प्रारम्भिक प्रेरणा कार्यक्रमको अङ्गका रुपमा गरिएको हो। यसको उद्देश्य पारिस्थितिकीय सेवाको सचेतन, मूल्याङ्कन तथा अनुगमन गरी अझ राम्रोसँग जैविक विविधताको संरक्षण गर्नु थियो। जुन कुरालाई राष्ट्रिय साझेदारका रुपमा रहेको बर्डलाइफ इन्टरनेशनलको समन्वयकर्ता नेपाल पन्छी संरक्षण संघले लागू गर्ने छ। सो कार्यशालामा डा. दासले भन्नुभयो - नेपालमा जैविक विविधता घट्ने क्रम निरन्तर रहेमा तथा पारिस्थितिकीय सेवा परिचर्चा अझ घट्दै गएमा गरिबी झनै बढ्ने खतरा हुन्छ। यसै गरी यस संघका प्रमुख कार्यकारी अधिकृत डा. हुम गुरुङले जैविक विविधताले भरिएका क्षेत्रहरू जस्तै पन्छीका प्रमुख वासस्थानका क्षेत्रहरू निम्न वर्गका समुदायलाई कति सहयोगी सिद्ध भएका छन् भन्ने बारे प्रकाश पार्नुभएको थियो। वहाँले यस डार्बिन कार्यक्रमले हाम्रो देशमा ठूलो प्रभाव पार्ने तथा सहयोगी सिद्ध हुने कुरामा जोड दिनुभयो। यस कार्यशालामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका र वन विभागका वरिष्ठ प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो। यसका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कर्मचारीहरू, आइयूसीएन नेपाल, विश्व वन्यजन्तु कोष कार्यक्रम तथा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम अन्तर्गत साना सहयोग कार्यक्रमका प्रतिनिधिहरूको पनि सहभागिता थियो।

यो डार्बिन कार्यक्रम यही अप्रिल २०१० देखि २०१३ को अन्त्य सम्मका लागि चलिरहेको छ। विगत ६ महिना देखि क्षेत्र निर्धारण लगायत विभिन्न गतिविधि



*बर्डलाइफबारे जानकारी दिँदै बर्डलाइफ इन्टरनेशनलकी Head of Science श्रीमति आलिसन स्टाटर्स फिल्ड*





बारे सहभागीहरूलाई जानकारी गराइएको थियो। यसमा इकोसिस्टम सेवा सम्बन्धि नेपालमा भइरहेका अन्य कार्यक्रमहरू समेतका बारेमा सो कार्यशालामा प्रस्तुतीकरण गरिएको थियो। जस अन्तर्गत तिनको परिमाण, नीति निर्माणको बाटो तथा परिचर्चा वा सेवाका लागि भुक्तानी संस्थापन आदिका बारेमा पनि जानकारी गराइएको थियो।

यस कार्यक्रममा संलग्न टोलीले सहभागीहरूसँग यसको कार्य विधिका लागि सुझाव तथा सल्लाहका लागि अनुरोध गरेको थियो जसले सेवाग्राही तथा नीति निर्माणकर्ताका लागि आवश्यक जानकारी प्रदान गर्न सक्षम होस्। बर्ड लाइफ इन्टरनेशनलको विज्ञान शाखा प्रमुख श्रीमती अलिशन स्टाटर स्फिल्डले-हामी नेपालमा सञ्चालित अन्य कार्यक्रमहरूको सहयोगले हाम्रा विचार तथा कार्यलाई प्रशोधित गर्ने एवं साँच्चै नै वैज्ञानिक र व्यवहारिक साँचो तयार गर्न चाहन्छौं जसले जीव परिवृत्ति पद्धति सेवाको मूल्याङ्कन जुन नेपालका विभिन्न क्षेत्रमा व्यापक रुपमा प्रयोग गर्न सकियोस् भन्ने चाहन्छौं भन्नुभयो।

## चितवन राष्ट्रिय निकुञ्जमा राजधनेशको अध्ययन

गत डिसेम्बर १२ देखि १६, २०१० सम्म चितवन राष्ट्रिय निकुञ्जमा राजधनेशको सर्भेक्षण गरिएको थियो। सो सर्भेक्षणको मुख्य उद्देश्य राजधनेश भेटिन सकिने सम्भावित क्षेत्रहरूको पहिचान गर्नु रहेको थियो। सो सर्भेक्षणबाट १३ वटा मुख्य क्षेत्रहरू पत्ता लागेको छ। सोही अध्ययनको क्रममा २५ वटा राजधनेश रेकर्ड गरिएको थियो। राजधनेश नेपालको संरक्षित पंछी र बिश्वमा निकट भविष्यमा दुर्लभ हुनसक्ने अवस्थामा रहेको पंछी हो।



## २८ औं वार्षिक साधारण सभा

यही २९ डिसेम्बर २०१० का दिन यस नेपाल पन्छी संरक्षण संघको २८ औं वार्षिक साधारण सभा सम्पन्न भयो। यसै अवसरमा बेलायतका पन्छीविद् श्री टिम इन्स्किप तथा श्रीमती क्यारोल इन्स्किपलाई सो सभाका प्रमुख अतिथि, नेपालका बरिष्ठ पन्छीविद् एवं यस संघका संस्थापक अध्यक्ष श्री हरि शरण नेपाली "काजी" ज्यूले सम्मानित गर्नुभयो। वहाँहरूले नेपालका पन्छीहरूको अध्ययन अनुसन्धानमा विगत चार दशकदेखि पुऱ्याउँदै आउनुभएको योगदानको कदर स्वरुप वहाँहरूलाई सम्मानित गरिएको हो।



*पन्छीविद श्रीमान श्रीमति इन्स्किपलाई मायाको चिनो प्रदान गर्दै नेपाल पन्छी संरक्षण संघका संस्थापक अध्यक्ष तथा बरिष्ठ पन्छीविद श्री हरिशरण नेपाली 'काजी'*

सोही अवसरमा संघका प्रमुख कार्यकारी अधिकृत डा. हुम गुरुङले जलवायु परिवर्तनको असरले पन्छीलाई पुऱ्याइरहेको नकारात्मक प्रभाव एवं पन्छीहरूको भू-वनोट अनुसारको उपागम जसले पन्छी तिनको वासस्थान संरक्षणमा ठूलो टेवा पुऱ्याउनेछ भन्ने बारेमा परिचर्चा गर्नुभयो। यसका साथै यस संघले नेपालमा रहेका २७ वटा पंछीका प्रमुख वासस्थानलाई पन्छीको उपयुक्त वासस्थान बनाइ राख्न तथा बरण्डाको रुपमा विकास गर्न निकट भविष्यमा नै कार्य योजना बनाई अवलम्बन गर्नेछ।

यस साधारण सभामा सल्लाहकार, कार्यकारी परिषद्का सदस्यहरू, संरक्षकज्यूहरू आजीवन सदस्य तथा यस संघका साधारण सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो।


• *सम्पादक* भेषराज घिमिरे
• *समन्वयकर्ता* मेनुका बस्न्यात
• *लेआउट* क्यालिग्राफिक स्टुडियो
• *प्रकाशक* नेपाल पन्छी संरक्षण संघ



*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

RSPB Royal Society for the Protection of Birds, UK

BirdLife INTERNATIONAL Together for birds and people
बर्डलाईफ इन्टरनेशनल
BirdLife International

SUNRISE BANK LTD
सनराइज बैंक लिमिटेड





# बर्डलाईफ इन्टरनेशनल
# BirdLife International

Together for birds and people

BirdLife International विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि प्रतिनिधि हो।

BirdLife International विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

चराहरूले BirdLife International लाई महत्वपूर्ण योगदान गरेका छन्। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा प्रमुख योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछ। पन्छीहरूको निकै ठूलो आर्थिक महत्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित गर्दै आएका छन्। जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय स्तरको दूतको रुपमा महत्वपूर्ण भूमिका खेल्दछ।

### BirdLife International कार्यक्रम तथा उद्देश्यहरू

१. विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका भयहरूको वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।

२. विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।

३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रुपमा कार्यक्रम गर्ने।

४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षणवादी संस्था तथा व्यक्तिहरूसँग सम्पर्क स्थापित गर्ने।

बर्डलाईफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्वपूर्ण क्षेत्रहरू (Import Bird Area, IBA) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पंक्षीका महत्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ
## *Bird Conservation Nepal*



नेपाल पन्छी संरक्षण संघ पन्छीविद्, पन्छी अवलोकन गर्ने र संरक्षण गर्ने व्यक्तिहरूको निकै पुरानो संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूको बारेमा ज्ञान अभिवृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्र बारे अनुसन्धान गर्ने, र चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउँने र तिनीहरूको वासस्थान संरक्षण गर्ने मूल सिद्धान्त रहेको छ। यो संस्था पन्छी संरक्षण सम्बन्धी नेपालको सबैभन्दा पुरानो, ठूलो जानकारी प्रदान गर्न सक्ने संस्था हो। पूर्णतया स्वयंसेवकबाट संचालित यस संस्थाको प्रमुख शक्तिको रुपमा यसका सदस्यहरू रहेका छन्। यस संस्थाको संस्थापक अध्यक्ष श्री हरि शरण नेपाली "काजी" ज्यू हुनुहुन्छ जो नेपालको प्रथम नेपाली पन्छीविद् मानिनुहुन्छ। यस संस्थामा संरक्षक, आजीवन सदस्य, साधारण सदस्यहरू गरि थुप्रै सदस्यहरू रहेका छन्। यसका सदस्यहरू पन्छी सम्बन्धी जानकारी राख्न चाहने इच्छुक, संरक्षणवादी, विद्यार्थी तथा जनसाधारणहरू नै रहेका छन्। नेपाली पन्छी संरक्षण संघ राष्ट्रिय स्तरको सबैभन्दा भरपर्दो संस्था भएको छ। यस संस्थाले १७-१८ वर्ष अघिदेखि चराहरूको स्थिति र संरक्षणका बारेमा जानकारी गराउँदै आएको छ। यसको प्रमुख उद्देश्य पन्छी र यिनीहरूको वातावरण र मानवसँगको सम्बन्धको बारेमा जन साधारणलाई वातावरणीय शिक्षा दिनु हो। पूर्णतया स्वयंसेवकबाट संचालित हुनाले यस संस्थाले पन्छी संरक्षणका लागि जो कसैबाट पनि नैतिक, सामाजिक र आर्थिक सहयोगको अपेक्षा राख्दछ। यस संस्थाका बारेमा बढी जानकारी तथा सहयोगका लागि निम्न ठेगानामा पत्राचार गर्न सकिने छ।

नेपाल पन्छी संरक्षण संघ
पोष्ट बक्स १२४६५, काठमाडौं, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@mail.com.np, वेबसाइट www.birdlifenepal.org

© २०६७ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।